# नेपाल ल्यूब आयल लि. को

## सञ्चालक समितिको ३७६ औं बैठकमा प्रस्तुत भएका प्रस्तावहरु र सो उपर भएको निर्णय

मिति : २०८१/०५/२६ (11/09/2024) बुधवार
स्थान : काठमाण्डौं ।
समय : दिनको ३ बजे ।

**उपस्थिती :**

१) श्री अरुण कुमार चौधरी - अध्यक्ष

२) श्री विजय वहादुर श्रेष्ठ - संचालक

३) सि ए नागेन्द्र साह - संचालक

४) श्री रण बहादुर बुढाथोकी - संचालक

५) श्रीमती शिला चौधरी - संचालक

६) श्री अनिल वस्नेत - संचालक

७) श्री निरञ्जन न्यौपाने - संचालक

८) श्री करण कुमार चौधरी - कार्यकारी संचालक

९) श्री गंगा राज भट्टराई
(महाप्रवन्धक तथा कम्पनी सचिव) - आमन्त्रित

आज वसेको यस कम्पनीको सञ्चालक समितिको बैठक कम्पनी ऐन, २०६३ र कम्पनीको स्विकृत प्रबन्ध पत्र तथा नियमावली बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री अरुण कुमार चौधरी ज्यूको अध्यक्षतामा वसेको वैठकमा कम्पनीका ८ जना सम्पुर्ण सञ्चालक ज्यूहरुको उपस्थिती रहेकोले कम्पनीको स्वीकृत नियमावली बमोजिम आवश्यक गणपूरक संख्या पुगेको हुँदा प्रस्तुत बैठक पूर्ण बैधानिक रहेको ठहर गर्दै बैठकमा तपसिलमा उल्लेखित विभिन्न प्रस्तावहरु उपर निर्णय गर्न बैठकमा छलफलको प्रस्तुत गरियो ।

१. बैठकमा छलफल हुने विषय

१.१ कम्पनीको पूंजीवृद्धिको निमित्त उपयुक्त उपाय कार्यान्वयन गर्न सुझाव प्रदान गर्न गठित समितीको सुझाव पेश गर्ने, छलफल तथा निर्णय पश्चात वार्षिक साधारण सभामा अनुमोदनको निमित्त प्रस्ताव पेश गर्ने ।

१.२ कम्पनीको आ.ब.२०८१।८२ को बित्तिय विवरण तथा सञ्चालक समितीको तर्फबाट अध्यक्ष ज्यूले पेश गर्ने प्रतिवेदन उपर छलफल, एवंम स्विकृती तथा तेत्तिसौ बार्षिक साधारण सभामा पेश गर्ने सम्बन्धमा ।

१.३ यस वर्षको मूनाफाबाट २० प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांस वितरण स्विकृत गरि साधारण सभामा पारितको निमित्त प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

१.४ कम्पनीको तेत्तिसौं वार्षिक साधारण सभाको निमित्त मिति,समय एवं स्थानको निर्धारण तथा उक्त सभामा पेश गरिने निम्न प्रस्तावहरुको सम्बन्धमा छलफल गरि पारित गर्ने :

१.४.१ तेत्तिसौ वार्षिक साधारण सभा :

**मिती : २०८१।०६।१८ (04th October, 2024)**

समय : बिहान ११:३० बजे

स्थान : याक प्लालेस, पुल्चोक, ललितपुर

क) आ.ब.२०८०।८१को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

ख) आ.व.२०८०।८१ को लेखा परीक्षकको प्रतिवेदन २०८१ असार मसान्तको वासलात र आ.व.२०८०।८१ को आय विवरण र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरि स्वीकृत गर्ने ।

ग) सञ्चालक समितिको ३७६ औं बैठकले सिफारिस गरे बमोजिम २० प्रतिशत बोनस शेयर तथा ५ प्रतिशत नगद लाभांस वितरणको निमित्त स्वीकृत गर्ने । साथै प्रस्तावित बोनस सेयर बराबरको चुक्ता पुजी वृद्धि गर्ने ।

घ) आ.व.२०८१।८२ को कारोबारको हिसाब लेखा परीक्षण गर्नका निमित्त लेखा परिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । लेखा परिक्षकमा ए.आई.एसोसिएट्स, प्रमाश एण्ड एसोसिएट्स, पि.के.पि.एसोसिएट्स को प्रस्ताव आएको र सबैको प्रस्तावित पारिश्रमिक ICAN ले निर्धारण गरेबमोजिमको न्युनत्तम रहेको छ ।

ङ) विविध ।

१.४.२ **विषेश प्रस्ताव**

क) कम्पनीको साधारण शेयरहरु प्रचलित ऐन नियम बमोजिम प्रिमियम मूल्यमा थप सार्वजनिक निश्काशन (Further Public Issue) (FPO) गर्ने सम्बन्धमा ।

ख) कम्पनीको साधारण शेयर प्रिमियम मूल्यमा थप सार्वजनिक निष्कासन (Further Public Issue)(FPO) पश्चात् प्राप्त पूँजीको उपयोग सम्बन्धमा ।

ग) माथिको प्रस्तावहरु स्विकृत पश्चात सोहिको निमित्त कम्पनीको अधिकृत, जारी तथा चूक्त पूँजी वृद्धि गर्न प्रबन्धपत्र संसोधन गर्ने ।

घ) कम्पनीका सञ्चालक समिती सदस्य श्री करण कुमार चौधरीलाई कम्पनीको प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत (MD & CEO) मा नियुक्ती गरी उहांको सर सुविधा निर्धारण गर्नका लागी साधारण सभामा अनुमोदनको निमित्त प्रस्ताव पेश गर्ने ।

ङ) अधिकृत पुंजी, जारी पुंजी तथा चूक्ता पुंजी वृद्धी गर्ने, कम्पनीको साधारण शेयरहरु प्रिमियम मूल्यमा थप सार्वजनिक निश्काशन गर्नको निमित्त र अन्य सवै कार्यको निमित्त कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न विवरणहरु तयार गरी श्री कम्पनी रजिष्ट्रारको कार्यलय तथा अन्य आवश्यक नियमन संस्थाहरुमा पेश गर्न तथा आवश्यक अन्य कार्य गर्न गराउन आवश्यक्ता अनुसार अन्य कोई कसैलाई नियुक्ती गर्न वा कसैलाई अख्तियारी प्रदान गर्न संचालक समितीलाई पुर्ण रुपमा अख्तीयारी प्रदान गर्ने ।

च) विविध ।

३. बिबिध ।

## पेश भएका प्रस्तावहरु उपर भएको निर्णयहरु :

**प्रस्ताव नं. ३७६.१.१. :**

कम्पनीको पुंजीवृद्धिको निमित्त उपयुक्त उपाय कार्यान्वयन गर्न सुझाव प्रदान गर्न गठित समितीको सुझाव पेश भई, छलफल तथा उक्त सुझाव उपयुक्त भएकोले सोहि बमोजिम कम्पनीको साधारण शेयर प्रिमियम मूल्यमा थप सार्वजनिक निष्कासन (Further Public Issue)(FPO) गर्ने स्विकृती भई अगामि वार्षिक साधारण सभामा अनुमोदनको निमित्त प्रस्ताव पेश गर्ने सर्वसम्मतीबाट पारित भयो ।

**प्रस्ताव नं. ३७६.१.२. :**

कम्पनीको आ.व.२०८०।८१ को बित्तिय विवरण तथा सञ्चालक समितीको तर्फबाट अध्यक्ष ज्यूले पेश गर्ने प्रतिवेदन उपर छलफल, एवंम स्विकृती तथा तेत्तिसौ बार्षिक साधारण सभामा पेश गर्ने सम्बन्धमा ।

**निर्णय ३७६.१.३.:**

कम्पनीको आ.व.२०८०।८१ को मुनाफाबाट २० प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांस वितरण स्विकृत भई साधारण सभामा पारितको निमित्त प्रस्ताव पेश गर्ने सर्वसम्मतीबाट स्विकृत भयो ।

**प्रस्ताव नं. ३७६.१.४. :**

कम्पनीको तेत्तिसौं वार्षिक साधारण सभाको निमित्त मिति,समय एवं स्थानको निर्धारण तथा उक्त सभामा अनुमोदनको निमित्त पेश गरिने निम्न प्रस्तावहरु छलफल पश्चात सर्वसम्मती रुपमा स्विकृत भई पारित भयो ।

१.४.१ तेत्तिसौ वार्षिक साधारण सभाको मिती, स्थान, र समय :

**मिती : २०८१।०६।१८ (04th October, 2024)**

समय : बिहान ११:३० बजे

स्थान : याक प्लालेस, पुल्चोक, ललितपुर

**बार्षिक साधारण सभामा अनुमोदनको निमित्त पेश गरिने अन्य प्रस्तवहरु**

क) आ.ब.२०८०।८१को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

ख) आ.व.२०८०।८१ को लेखा परीक्षकको प्रतिवेदन, २०८१ आसार मसान्तको वासलात र आ.व.२०८०।८१ को आय विवरण र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरि स्वीकृत गर्ने ।

ग) सञ्चालक समितिको ३७६ औं बैठकले सिफारिस गरे बमोजिम २० प्रतिशत वोनस शेयर तथा ५ प्रतिशत नगद लाभांस वितरणको निमित्त स्वीकृत गर्ने । साथै प्रस्तावित वोनस सेयर बराबरको चुक्ता पुंजी वृद्धि गर्ने ।

घ) आ.व.२०८१।८२ को कारोबारको हिसाब लेखा परीक्षण गर्नका निमित्त लेखा परिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । लेखा परिक्षकमा ए.आई.एसोसिएट्स, प्रमाश एण्ड एसोसिएट्स, पि.के.पि.एसोसिएट्स को प्रस्ताव आएको र सवैको प्रस्तावित पारिश्रमिक ICAN ले निर्धारण गरेबमोजिमको न्युनत्तम रहेको छ ।

ङ) विविध ।

१.४.२ **विषेश प्रस्ताव**

क) कम्पनीको साधारण शेयरहरु प्रचलित ऐन नियम बमोजिम प्रिमियम मूल्यमा थप सार्वजनिक निश्काशन (Further Public Issue) (FPO) गर्ने सम्बन्धमा ।

ख) कम्पनीको साधारण शेयर प्रिमियम मुल्यमा थप सार्वजनिक निष्कासन (Further Public Issue)(FPO) पश्चात् प्राप्त पूँजीको उपयोग सम्बन्धमा ।

ग) माथिको प्रस्तावहरु स्विकृत पश्चात सोहिको निमित्त कम्पनीको अधिकृत, जारी तथा चूक्त पूँजी वृद्धि गर्न प्रबन्धपत्र संसोधन गर्ने ।

घ) कम्पनीका सञ्चालक समिती सदस्य श्री करण कुमार चौधरीलाई कम्पनीको प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत (MD & CEO) मा नियुक्ती गरी उहांको सर सुविधा निर्धारण गर्नका लागी साधारण सभामा अनुमोदनको निमित्त प्रस्ताव पेश गर्ने ।

ङ ) अधिकृत पुंजी, जारी पुंजी तथा चूक्ता पुंजी वृद्धी गर्ने, कम्पनीको साधारण शेयरहरु प्रिमियम मूल्यमा थप सार्वजनिक निश्काशन गर्नको निमित्त र अन्य सवै कार्यको निमित्त कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न विवरणहरु तयार गरी श्री कम्पनी रजिष्ट्रारको कार्यलय तथा अन्य आवश्यक नियमन संस्थाहरुमा पेश गर्न तथा आवश्यक अन्य कार्य गर्न गराउन आवश्यक्ता अनुसार अन्य कोई कसैलाई नियुक्ती गर्न वा कसैलाई अख्तियारी प्रदान गर्न संचालक समितीलाई पुर्ण रुपमा अख्तीयारी प्रदान गर्ने ।

च ) विविध ।

अन्त्यमा आजको यस वैठकमा छलफलका लागी प्रस्तुत भएका सम्पुर्ण विषयहरुको निर्णय भईसकेको र थप अन्य बिषय नभएको हुँदा उपस्थित सबैलाई धन्यबाद दिनु हुँदै अध्यक्षज्यूले बैठक बिसर्जन गर्नुभयो ।